संबिधानसभा प्रकृतिक श्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिको

मस्यौदा प्रतिवेदनमाथी

आदिवासी जनजाति सभासद सभा (ककस) को सुझाव

१. भूमि, भूक्षेत्र र प्राकृतिक श्रोतः

क) आदिवासी जनजातिहरुले परम्परागत रुपमा भोगी चर्ची ओगटी आएका र सांस्कृतिक सम्बन्ध रहेको भूमि, भूक्षेत्र र प्राकृतिक श्रोत साधनमाथि उनीहरुको सामुहिक सार्वभौम हक र अग्राधिकार हुने छ।

ख) प्राकृतिक श्रोत र साधनको उपयोग, व्यबस्थापन तथा प्राप्त लाभमा आदिवासी जनजातिको र स्थानीय समुदायको समन्यायिक वाँडफाँड (Equitable Sharing)को हक हुनेछ।

२. परामर्श, सहभागिता र पुर्व सुसूचित सहमतिको हकः

आदिवासी जनजातिहरुको क्षेत्रमा प्राकृतिक श्रोत साधनसंग सम्बन्धीत परियोजना, उद्योग धन्दा लगायत कुनै पनि बिकासका गतिविधी सन्चालन गर्दा आदिवासी जनजातिहरुलाई परामर्श(Consultation), सहभागिता(Participation) र पुर्व सुसूचित सहमति (Free and Prior Informed Consent) को हक हुनेछ।

३. सन्धी सम्झौताः

क, कुनै पनि प्रदेश र आदिवासी जनजातिलाइ प्रभाव पार्ने सन्धी सम्झौता गर्दा सम्बन्धित प्रदेश र आदिवासी जनजातिको सहमति अनिवार्य हुने छ।

ख, प्रदेशको विकास एवं सम्बृद्धिका लागि आर्थिक, व्यापारिक एवं साँस्कृतिक सम्बन्ध सुदृढ आवस्यक सन्धी सम्झौता गर्ने अधिकार सम्बन्धीत प्रदेश तथा क्षेत्रलाई हुने छ।

४. आदिबासी जनजातिको श्रमको हकः

आदिबासी जनजाति श्रमिकहरुलाई आफ्नै श्रम संगठन(Trade Union) निर्माण गर्ने र सामुहिक सौदाबाजी(Collective Bargaining) गर्ने हक हुने छ।

५. रोजगारीको अधिकारः

रोजगारीका सबै क्षेत्रहरुमा आदिबासी जनजातिको पहिलो हक हुने छ ।

६. राजस्व तथा श्रोतको बााडफााडः

राजस्वको पचास प्रतिशत संघीय सरकारले आफ्नो राष्ट्रिय (संघीय) संचीत कोषमा राखी बाँकी ५० प्रतिशत प्रदेश तथा स्थानीय सरकारहरुलाई वितरण गर्ने छ ।

७. भूमि सुधारः

क, आदिवासी जनजातिहरुलाई उस्को पैतृक भूमिबाट विस्थापन गर्न पाइने छैन । कुनै कारणले विस्थापन गर्न परे उचित क्षतिपूर्ति तथा पुर्नस्थापनाको अधिकार हुने छ ।

ख, भूमि व्यबस्थामा सुधार गर्दा भूमिहिन आदिबासी जनजातिहरुलाई राज्यले पहिलो प्राथमिकता दिने छ ।

ग, आदिवासी जनजातिहरुको पैतृक भूमि विगतमा राज्यले वा गैर आदिबासी समुदायले जाल, झेल, करकाप र बल पूर्वक लिएको भएमा त्यसको आवश्यक छानबिन गरी विगतको अन्याय को उचित सम्बोधन गरीने छ ।

८. परम्परागत पेशाको अधिकारः

जैविक विविधतासम्बन्धी परम्परागत आदिवासी ज्ञान, सिप तथा अभ्यासको स्वामित्व, संरक्षण सम्बर्धन र सो बाट प्राप्त लाभको अधिकार आदिवासी जनजातिहरुमा निहित रहने छ ।

९. जग्गा अधिग्रहणः

जग्गा अधिग्रहण सम्बन्धीत आदिवासी जनजातिहरुको पूर्व सुसूचित सहमति विना गरिने छैन ।

१०. आयोगहरु :

आयोगहरुको गठन समानुपातिक तथा समावेशीताका आधारमा हुनेछ ।

❖

प्रस्तावित मस्यौदामाथि आदिवासी ककसको टिप्पणी :

१, प्रदेशले पनि अन्य देशसंग आर्थिक, व्यापारिक एवं साँस्कृतिक सम्झौता गर्न सक्ने प्रावधान हुनुपर्ने ।

२, 'राष्टिय' भन्ने ठाउँमा 'संघीय' लेखिनुपर्ने ।

३, प्रादेशिक र जातिय प्रतिनिधित्वका आधारमा आयोगहरु बन्नुपर्ने । नत्र आयोगहरु केन्द्रको अधिनस्त मात्र हुने ।

५, प्रदेशलाई पनि कर उठाउन पाउने व्यवस्था हुनुपर्ने । कार्वन व्यापार तथा भूमि कर, अन्तशुल्क, वैयक्तिक कर, मनोरन्जन कर, सेवा शुल्क, प्राकृतिक श्रोतको सलामी आदि प्रदेश अन्तर्गत हुनपर्ने ।

६, आदिवासीहरुलाई प्रभाव पार्ने कुनै पनि कार्यगर्दा उनीहरुको पूर्व सुसूचित सहमति(FPIC) लिनुपर्ने, आदिवासी जनजातिहरुको साँस्कृतिक अखण्डतालाई बचाउने व्यवस्था हुनुपर्ने । आदिवासीहरुले आफ्नै प्रक्रियाबाट सहभागी हुने अधिकार पाउनुपर्ने । आदिवासीहरुको आफ्नो ज्ञानमाथि उनीहरुको हक स्थापित हुनुपर्ने ।

७, प्राकृतिक श्रोत शव्दको अगाडी 'भूमि र' शव्द लेखिनुपर्ने ।

८, 'स्थानीय समुदाय' भन्ने शव्दको अगाडी सबै ठाउँमा 'आदिवासी जनजाति र' भन्ने लेखिनुपर्ने ।

९, आदिवासीले आजसम्म गुमाएको भूमिको क्षतिपूर्तिको अधिकार पाउनुपर्ने ।

१०, नेपालमा भूमिसुधारको अर्थ आदिवासीको भूमि नगुमाउने स्थितिको निर्माण गर्ने हुनुपर्दछ । आदिवासीले आफ्नो भूमि मात्र होइन राज्य गुमाएका छन् । उनीहरुलाई क्षतिपूर्ति दिएर पनि न्याय गर्न सकिन्छ ।

११, आदिवासी श्रमिकहरुको अलगै 'श्रम संगठन'(Trade Union) बनाउने व्यवस्था हुनुपर्दछ ।

१२, आदिवासी जनजातिको 'प्रथाजन्य कानून' र 'परम्परागत आर्थिक व्यवस्था' को राज्यले मान्यता दिनु पर्ने ।

१३, संघीय सरकारले कुनै अन्य देशसंग सन्धी सम्झौता गर्दा त्यसबाट प्रभावित हुने सम्बन्धीत प्रदेश र जातीय समुदायको सहमति लिनुपर्ने ।

१४, समन्यायिक कर प्रणाली लागु गर्नुपर्ने । संघले राज्यको श्रोतको बाँडफाँड गर्दा समन्यायिक सिद्धान्तको आधारमा गरीने उल्लेख गर्नु पर्ने ।

१५, आयोगहरु समानुपातिक र समावेशी आधारमा गठन हुनुपर्ने ।

१६, मस्यौदाले आदिवासीको अग्राधिकार छोडेको, अग्राधिकार शव्द नै लेख्नुपर्ने ।

१७, अन्तर्राष्टिय कानून अनुसार 'आदिवासी र स्थानीय समुदाय' भन्ने शव्द नै लेख्नुपर्ने ।

१८, आदिवासीको भूमि क्षेत्रमा जोसुकै जहिले पनि गएर स्थानान्तरण गरेर बस्ने स्थितिको अन्त गर्नुपर्ने ।

१९, आदिवासीहरुलाई आफ्नो भूमि क्षेत्रबाट विस्थापन गर्न नपाइने । गर्नै पर्ने स्थितिमा उनीहरुको पूर्व सुसूचित सहमति(FPIC) सहित उचित क्षतिपूर्ति दिनुपर्ने, पुनर्स्थापनाको अधिकार हुनुपर्ने ।

२०, आदिवासीको परम्परागत भूमिलाई विगार्ने वा असर गर्ने खाल्को भूमि सुधार गर्नु नहुने ।

२१, रोजगारीमा आदिवासीका लागि विशेष व्यवस्था गर्नुपर्ने ।

२२, प्रदेशलाई कर उठाउन तथा आफ्नै बजेटको व्यवस्था गर्न पाउने व्यवस्था हुनुपर्ने ।

२३, लाभको बाँडफाँडमा आदिवासी र स्थानीय समुदायको अधिकार हुने कुरा प्रष्ट लेख्नुपर्ने ।

२४, आदिवासी महिलाको लागि रोजगारीमा विशेष व्यवस्था हुनुपर्ने ।

२५, सारमा, अहिलेको प्रस्तावित मस्यौदा केन्द्रलाई बलियो बनाउने खालको बनेको, प्रदेशलाई बलियो बनाउने व्यवस्था गर्नुपर्ने ।

२६, आइ.एल.ओ महासन्धि १६९, आदिबासी जनजाति अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणपत्रबारे मस्यौदा प्रतिवेदन पूर्णरुपले मौन रहेको र यसबारे कतै पनि उल्लेख नभएकोले आदिबासी अधिकार बारे मस्यौदा अत्यन्त कमजोर रहेकोले आदिबासी अधिकार यी अन्तराष्ट्रिय कानूनहरुको सन्दर्भमा उल्लेख हुनु पर्ने ।

•